स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



संविधान दिवसको अवसर पारेर आगामी असोज ३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'आउट लः दफा २१९'को टिजर सार्वजनिक गरिएको छ । सोमबार सार्वजनिक १ मिनेट २७ सेकेण्ड लम्बाईको टिजरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । ट्रेलर 'एक्सन प्याक्ड' छ । जेलबाट फरार 'मोस्ट वान्टेड' एक अपराधीलाई पक्राउ गर्न परिचालित प्रहरी र हतियारधारी समूहबीच मुठभेडको कथामा ट्रेलर केन्द्रित छ ।

**आजको विचार...**



पुरुष...
(दुई पेजमा)

सुदर्शन अधिकारी

लगभग एक दर्जन फिल्ममा अभिनयको अनुभवपछि अभिनेत्री वर्षा राउतले अब नाटकमा डेब्यु गर्ने भएकी छन् । विमल सुवेदीको निर्देशन रहने नाटक 'हिटलर आउँदैछ'बाट उनले रंगमञ्चको यात्रा सुरु गर्न लागेकी हुन् । यही नाटकबाट वर्षासँगै जोयस पाण्डेले पनि अभिनयमा डेब्यु गर्दैछन् । जोयश फिल्म 'साँघुरो'का निर्देशक समेत हुन् । यो नाटकमा जोयश र विमलको संयुक्त लेखन छ । अमेरिकाको ओहायो राज्यस्थित एक्रोन सिभिक थिएटरमा नाटक मञ्चन गरिनेछ ।



❐ वर्ष ३० ❐ अंक ९ ❐ २०८१ साउन ९ गते बुधबार 24 July 2024, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## पहिरोमा परी एक सय ४६ को मृत्यु

(रासस/एएफपी)

**इथियोपिया,** साउन ८/दक्षिणी इथियोपियामा पहिरोमा परी ज्यान गुमाउनेको सङ्ख्या १४६ पुगेको मंगलबार स्थानीय अधिकारीले बताएका छन् ।

अधिकारीले मृतकको सङ्ख्या अझै बढ्न सक्ने जानकारी दिएका छन् । अधिकारीका अनुसार दक्षिण इथियोपियाको पहाडी क्षेत्रमा भएको भारी वर्षाले सोमबारको पहिरो निम्त्याएको हो । 'इथियोपियाको गोफा क्षेत्रको गेजे-गोफा जिल्लामा गएको पहिरोमा परी मृत्यु हुनेको सङ्ख्या १४६ पुगेको छ', गोफा क्षेत्र सञ्चार मामिला विभागले स्थानीय अधिकारी हाब्तामु फेटेनालाई उद्धृत गर्दै जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । पहिरोमा परी ज्यान गुमाएका ९६ जना पुरुष र ५० जना महिलाको शव फेला परेको जानकारी दिँदै खोजी तथा उद्धार कार्य जारी रहेको हाब्तामुले बताए । सरकारी सञ्चार माध्यम 'फाना ब्रोडकास्टिङ कर्पोरेट' ले सार्वजनिक गरेका तस्बिरहरूमा सयौं मानिसहरू प्रभावित भएको पहिरोको विनाशकारी दृश्य प्रसारण गरिएको छ ।

# अझै भेटिएनन् त्रिशूलीमा बेपत्ता बस

## खोजी जारी, बेपत्ता मध्ये २४ को शव फेला

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन ८/पहिरोले बगाउँदा त्रिशूली नदीमा बेपत्ता भएका दुईवटा बस अझैसम्म फेला पार्न सकिएको छैन् । नारायणगढ-मुग्लिन सडकको भरतपुर महानगरपालिका-२९ स्थित सिमलतालमा लेदोसहितको पहिरो खस्दा त्रिशूली नदीमा बेपत्ता भएका बस र यात्रुको १२ औं दिन पनि खोजी कार्य तीव्र पारिएको छ ।

असार २८ गते दुईवटा बस नदीमा खसेका थिए । अहिले छिमेकी राष्ट्र भारतको 'राष्ट्रिय आपदा मोचन बल-नेशनल डिजास्टर रेष्पोन्स फोर्स' बाट १२ जनाको प्राविधिक टोली नेपाल आई संयुक्त रूपमा उद्धार कार्य जारी राखिएको चितवन प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्ष तथा सूचना अधिकृत भेषराज रिजालले जानकारी दिए । उनका अनुसार सोनार क्यामरासहित खोजी कार्य थालेको संयुक्त टोलीले सिमलतालदेखि घुमाउनेसम्म करिब ३ दशमलव ५ किलोमिटर र देवघाटदेखि काभ्रेघाटसम्म करिब १०



किलोमिटर क्षेत्रमा खोजी कार्य गरिरहेको छ ।

बसमा ६५ जना सवार रहेको बताइएको छ । जसमध्ये हालसम्म २४ वटा शव प्राप्त भएको प्रहरी नायव उपरीक्ष रिजालले बताए । भेटिएका शवमध्ये दुई वटा भारतीय भूमिमा भेटिएका हुन् । हालसम्म १८ वटा शव सनाखत भइ परिवारको जिम्मा लगाइएको छ । सनाखत भएका शवमा १६ वटा पुरुषको हो भने दुई वटा महिलाको रहेको प्रहरीले जनाएको छ । त्यस्तै, सनाखत भएका शवमध्ये १३ नेपाली नागरिक हुन् भने पाँच वटा भारतीय नागरिकका रहेको जनाइएको छ । बेपत्ता २५ जनाको शव फेला परेको भनिए पनि कालीगण्डकी नदीमा बेपत्ता पाल्पाको रामपुरकी ५२ वर्षीय मायादेवी विकको शव रहेको डिएसपी रिजालले एनजेडीसँगको कुराकानीमा बताए । उनले ति महिलालाई समेत बेपत्त मध्येको सूचीमा राखिएकोले २५ जना भनिएको हुन सक्ने उल्लेख गरे । बेपत्ता गाडी र थप यात्रुको खोजी कार्य जारी रहेको रिजालको भनाई छ ।

असार २८ गते वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बाप्र ०३००६ ख नम्बरको एन्जल डिलक्स र काठमाडौंबाट गौर आउँदै गरेको प्र ३००१ख २४९५ नम्बरको गणपति डिलक्स सिमलतालमा पहिरोमा परी त्रिशूलीमा खसेका थिए । एन्जल डिलक्समा २७ जना र गणपतिमा ४१ यात्रु रहेकोमा गणपति बसका तीनजना यात्रु त्रिशूलीमा पौडिएर बाँच्न सफल भएका थिए ।

नदीमा बेपत्ता र बसको खोजीका लागि सशस्त्र प्रहरी, नेपाली सेना, प्रहरी, गोताखोरका साथै आधुनिक किसिमको वाटरड्रोन (सोनार), आकाशबाट पनि ड्रोन क्यामेरा, ऱ्याफ्टिङबोट, मोटर बोट, बस भेट्नका लागि ठूलो चुम्बक र फलामको हुक (एंकर)को प्रयोग गरिँदै आएको छ । किनारको वारिपारि मोटरबोट र दूरबिनको प्रयोगमार्फत पनि खोजी भएको छ । बेपत्ताको शव सीमाछेउछाउमा समेत फेला पर्न थालेको छ ।

# रामपुरका कर्मचारीलाई अभिमुखीकरण



**पाल्पा,** साउन ८/जिल्लाको रामपुर नगरपालिकाको सेवा करारमा कार्यरत कर्मचारीहरुको लागि अभिमुखीकरण कार्यक्रम गरिएको छ । नगरपालिकाले करारमा कार्यरत कर्मचारीलाई थप जिम्मेवार बनाउनुका साथै उनीहरुको समस्या पहिचान गरी सम्बोधन गर्ने उद्देश्यले अभिमुखीकरण कार्यक्रम गरेको हो ।


कर्मचारीहरुलाई थप जिम्मेवार बनाउन अभिमुखीकरण कार्यक्रम गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । उनले सबै तहका कर्मचारीलाई भेदभाव नगरी नगरपालिकाले समान व्यवहार गर्दै आएको उल्लेख गरे । नगरलाई वर्तमान अवस्थासम्म ल्याउनका लागि कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहेको भन्दै थापाले नगरको स्रोत र साधनले भ्याए सम्म कर्मचारीको सेवा सुविधामा ध्यान दिइएको बताए । नगरपालिकाले गत वर्षदेखि कर्मचारी कल्याणकारी कोष स्थापना गरेको जानकारी दिँदै उनले कार्य सम्पादनका आधारमा कर्मचारीको वृति विकासमा थप व्यवस्था गरिने जानकारी दिए । नगर प्रमुख थापाले भने 'कर्मचारी र जनप्रतिनिधिको परीक्षा सधैं हुने भएकाले जिम्म्मेवार भएर अघि बढ्न जरुरी छ ।' -बाँकी अन्तिम पेजमा

# लुम्बिनीका मुख्यमन्त्रीको शपथ आज

## मन्त्री बन्ने आकाङ्क्षीको लर्को

**बुटवल,** साउन ८/लुम्बिनी प्रदेशका नवनियुक्त मुख्यमन्त्री चेतनारायण आचार्यले आज पद तथा गोपनीयताको शपथ लिने भएका छन् । सोमबार नियुक्त भएका आचार्यले पद तथा गोपनीयताको शपथ लिन लागेका हुन् ।

बुधबार बिहान ८.३० बजे बुटवलस्थित प्रदेश प्रमुखको कार्यालयमा शपथग्रहण हुने भएको हो । माओवादीबाट मुख्यमन्त्री बनेका जोगबहादुर महराले विश्वासको मत नपाएपछि प्रदेश प्रमुख अमिक शेरचनले आचार्यलाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । उनलाई प्रदेश प्रमुख शेरचनले संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा नियुक्त गरेका थिए । आचार्यले नेकपा एमालेका २९ जना र काँग्रेसका २७ जना सांसदको समर्थनसहित सोमबार मुख्यमन्त्रीका लागि दावी पेश गरेका थिए । ८७ सदस्यीय प्रदेशसभामा सरकार गठनको



लागि ४४ मत चाहिन्छ । नवनियुक्त मुख्यमान्त्री अर्घाखाँची क्षेत्र नं १ (१) बाट निर्वाचित सांसद हुन् ।

अबको एक महिनामा मुख्यमन्त्री आचार्यले प्रदेश सभाबाट विश्वासको मत लिनुपर्नेछ । सम्भवत आजै मन्त्रीपरिष विस्तार हुन सक्ने स्रोतले जनाएको छ ।

मन्त्री छनोटका लागि नेपाली कांग्रेस र नेकपा एमालेभित्र गृहकार्य भइरहेको छ । मन्त्रीका आकांक्षी सांसदहरूले पनि पार्टीभित्र आन्तरिक लविङ तीव्र पारेका छन् । लुम्बिनी प्रदेशमा मुख्यमन्त्रीसहित १२ मन्त्री रहने छन् । कांग्रेस, एमालेबिच भएको सहमति अनुसार एमालेले मुख्यमन्त्रीसहित ६ मन्त्रालय र कांग्रेसले ६ वटा मन्त्रालय पाउनेछ । काँग्रेसभित्र सचेतक जन्मजय तिमसेना, पाल्पाका वीरबहादुर राना, धनेन्द्र कार्की, राजु खनाल, अब्दुल रज्जाक, निमा गिरी, जमुना ढकाल, माया पुन, प्रचण्ड विक्रम न्यौपाने, देवी चौधरी, सरोज थापा, बसिउद्दिन खाँन, भुवनेश्वर चौधरी, अनुराग खड्का मन्त्री आकांक्षी रहेका छन् ।

एमालेमा यसअघि मन्त्री बनेकामध्येबाटै धेरैलाई दोहोऱ्याउने सम्भावना रहेको स्रोतले जनाएको छ । अहिले एमालेबाट मन्त्री बन्ने सम्भावना रहेकाको सूचीमा खेम सारु, विष्णु पन्थी, भूमिश्वर ढकाल, भोजप्रसाद श्रेष्ठ, दिनेश पन्थी, तुलसी प्रसाद चौधरी, बसन्ती न्यौपाने रहेका छन् ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## भ्रष्टाचारको जरो उखेलौं

नेपालमा भ्रष्टाचारले संस्थागत स्वरूप लिएको छ । ठूला-ठूला भ्रष्टाचारमा मन्त्रीलगायत राजनीतिक नेतृत्वको संलग्नता हुने गरेको छ । भ्रष्टाचार अन्त्य हुनुपर्नेमा सर्वसहमति छ । तर, सर्वसहमति जनाउनेमध्येकै बहुसंख्यक भ्रष्टाचारी छन् । अधिकार सम्पन्न बहुसंख्यक व्यक्तिहरू कुनै न कुनै भ्रष्टाचारमा संलग्न छन् । विडम्बना, भ्रष्टाचारीलाई सामाजिक बहिष्कारको प्रचलन छैन । जसरी भए पनि पैसा कमाएको व्यक्तिलाई समाजले स्वीकार गरिरहेको छ । समाजले स्वीकार्ने भएकोले भ्रष्टाचारीमा टाकटुक मिलाएर काम गर्नुपर्छ भन्ने सोंचले जरा गाडेको छ । यसो हुनु दुखद् हो ।

भुटानी शरणार्थी, ललिता निवास जग्गा प्रकरण, सहकारी ढगी, ओम्नी, यती, राजदरबारभित्र चमेना गृह सञ्चालनका लागि बतास समूहसँग गरिएको सम्झौता, बासवारी छालाजुता कारखानाभित्रको जग्गा अपचलान, बाल मन्दिर जग्गा अपचलन, गिरीबन्धु चिया स्टेट प्रकरण, त्रिभुवन विश्वविद्यालयको जग्गा दपोट प्रकरणलगायत गनिसाध्य नहुने यस्ता प्रकरण नेपालका केही ठूला भ्रष्टचारका उदाहरण हुन् । यी प्रकरण एक पटक चर्चामा आए तर तिनको किनारा लागेको नलागेको आमनागरिकलाई पत्तो छैन । यसतर्फ जनताको चासो बिस्तारै हराउँदै गएको छ । जसले गर्दा भ्रष्टचारलाई थप मौलाउन टेवा पुगेको छ । डन, पैसावाला र भ्रष्टाचार गर्नेहरुको नै यहाँ हालिमुहाली हुन थालेको छ । यो अत्यन्त दुखको कुरा हो । भ्रष्टाचारलाई विकास र समृद्धिको बाधकका रुपमा लिइने गरिएको छ । ठूलो रकमको अपचलन हुने स्थिति निर्माण हुँदा त्यसले देशको अर्थतन्त्रलाई सकारात्मक दिशामा अघि बढ्न दिँदैन । केही व्यक्तिमात्रै सधैं मोटाइरहने प्रवृत्तिकै कारण देश आज भ्रष्टाचार बढी भएका एक सय देशहरुको हाराहारीमा पर्न पुगेको छ, जुन दुर्भाग्य हो । सञ्चार माध्यमबाट पटक-पटक भ्रष्टाचारको अन्त्यका लागि खबरदारी नगरिएको होइन, तर राजनीतिक दलहरु सच्चिन सकेनन् । जसका कारण भ्रष्टाचार झन् झन् मौलाउँदै गएको छ । अब पनि भ्रष्टाचारको जरा उखेलिएन भने न त देशको विकास हुन्छ न त समृद्धि नै ।

### Opinion @ Social Network

कुनै घाउ समय सगैं पुरिदै जान्छ,
कुनै घाउ बल्झाएर जान्छ ।
(सपना बस्नेतको फेसबुक स्टाटसबाट www.facebook.com//Sapana.basnita)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# पुरुष प्रधान समाजमा महिला नेतृत्व



सुदर्शन अधिकारी

*संविधानले महिलालाई पर्याप्त अधिकार प्रदान गरेपनि सामाजिक परिवेश तथा पुरातन सोंचका कारण अझै पनि अनेकौ प्रकारका विभेदका शिकार बन्न बाध्य छन् । अन्धविश्वासको शिकार पनि महिला नै परेका छन् । बोक्सी, चुडेल जस्ता अनेक आरोपमा शारीरिक तथा मानसिक यातना भोग्न विवश रहेका छन् । बोक्सीका नाममा अमानवीय यातना भोग्न बाध्य बनाइएका छन् ।*

नेपाल सरकारले नोभेम्भर २५ देखि डिसेम्बर १० सम्मका १६ दिनलाई महिला हिंसा निर्मूलसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने गरेको छ । अहिले देशभर सो अभियान विभिन्न कार्यक्रम गरी प्रभावकारी रूपमा चलिरहेको छ । हाम्रो समाज पुरुष प्रधान समाज जहाँ हरेक निर्णय पुरुषको पक्षमा हुने गरेको छ । समाज कतिसम्म विभेदकारी रहेको छ भन्ने बुझ्न एउटा दृष्टान्त हेरे पर्याप्त हुन्छ । यदि महिलाको निधन भएमा १३ दिन पनि बित्न नपाउँदै अर्की पत्नी ल्याउन हतार हुन्छ तर पति बितेमा भने जीवनभर बिधवाको रूपमा बस्नुपर्ने अवस्था विद्यमान रहेको छ । त्यसैगरी महिला वर्गलाई अवला, कमजोर, अक्षम, कोमल जस्ता विभिन्न उपमा दिएका हुन्छन् ।

संविधानले महिलालाई पर्याप्त अधिकार प्रदान गरेपनि सामाजिक परिवेश तथा पुरातन सोंचका कारण अझै पनि अनेकौ प्रकारका विभेदका शिकार बन्न बाध्य छन् । अन्धविश्वासको शिकार पनि महिला नै परेका छन् । बोक्सी, चुडेल जस्ता अनेक आरोपमा शारीरिक तथा मानसिक यातना भोग्न विवश रहेका छन् । बोक्सीका नाममा अमानवीय यातना भोग्न बाध्य बनाइएका छन् । मानव मलमूत्र खुवाउने पिट्ने कुट्ने जस्ता क्रुरतापूर्ण यातना र व्यवहार गर्ने हाम्रो समाज कहिले उदार बन्ने होला ? त्यसैगरी खास गरी मधेस प्रदेशमा दाइजो प्रथाको नाममा महिला हिंसा विद्यमान रहेको छ । जीवितै जलाउने कुटपिट गर्ने अमानीय यातना दिने गरिन्छ । महिला हिसाविरुद्धको १६ दिने अभियान चलिरहँदा त्यस्ता यातना हटाउनेतर्फ पनि विशेष कदम चाल्ने हो कि ?

शिक्षाको विकास र चेतनाको स्तरमा सुधार गरी समाज बदल्न हामीले थप प्रभावकारी कार्य गरी समाज समुन्नत र विकसित बनाउने मार्गमा अगाडि बढ्नुपर्छ । महिलाकै हक हित र अधिकारको सुनिश्चतताका लागि भनेर महिला आयोग, महिला तथा समाजकल्याण मन्त्रालय जस्ता संस्थाहरूको गठन पनि भएका छन् । नेपालको संविधान २०७२ को धारा ३८ मा महिलाको हकको व्यवस्था गरेको छ । जसमा प्रत्येक महिलालाई लैंगिक भेदभावविना वंशीय हक हुनेछ भनेर उल्लेख गरिएको छ । साथै राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा सहभागी हुने हक हुनेछ भन्दै स्पष्ट रूपमा उल्लेख गरिएको छ । यसरी कानुनले प्रष्ट बनाए तापनि समाजमा अझै महिलालाई हेर्ने दृष्टिकोण भने विभेदपूर्ण नै रहेको छ । नेपाली समाज पुरुषप्रधान भएकाले समाजका आर्थिक, समाजिक, सांस्कृतिक, प्रशासनिक सबै क्षेत्रमा पुरुषको बाहुल्य रहेको देखिन्छ । पछिल्लो समयमा भने हरेक क्षेत्रमा महिलाको उपस्थिति बलियो हुँदै गएको देखिन्छ । राजनीतिमा ३३ प्रतिशत महिला सहभागिताको अनिवार्य व्यवस्था गरेपछि भने सबैतिर महिलाको सक्रिय सहभागितामात्र नभई माथिल्लो तहमा समेत पुगेको छन् । महिलाको अझै पनि कानुन बमोजिम प्रतिनिधित्व न त राजनीति क्षेत्रमा हुनसकेको छ न त अन्य क्षेत्रमा नै । नेपालको संविधान २०७२ ले स्पष्ट व्यवस्था गरेको संसद्मा समेत सो प्रतिशत पुगेको छैन । मन्त्रिपरिषद्मा पनि कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्ने प्रावधान रहेको देखिन्छ तर व्यवहारमा त्यसको प्रभावकारी कार्यान्वयन भएको छैन ।

समाजमा शिक्षाको पहुँच विस्तार तथा आमनागरिकमा चेतनाको विकास भएकाले प्रशासनिक क्षेत्रमा महिलाको सहभागिता सन्तोषजनक भएको देखिन्छ । यो ज्यादै सकारात्मक र उपलब्धिमूलक पनि हो । खासगरी २०६२/०६३ को आन्दोलनपछि बनेको अन्तरिम संविधानले व्यवस्था गरे बमोजिम नै पछिल्लो संविधान २०७२ ले पनि स्वीकार गर्दै आरक्षण तथा महिलाको दरबन्दीको व्यवस्था गरियो । जसको परिणाम आज महिलाको बलियो उपस्थिति प्रशासनिक क्षेत्रमा अब्बल देखिएको छ । निजामती किताबखानाबाट प्राप्त पछिल्लो विवरण अनुसार हाल चालीस वर्षभन्दा कम उमेरका ३२ युवा निजामती सेवाको राजपत्राकिंत प्रथम श्रेणिमा कार्यरत छन् । नेपालको सुस्त बढुवा प्रणालीभन्दा बाहिरबाट खुल्ला प्रतिस्पर्धाबाट निजामती सेवामा नीति निर्माणको तहमा पुग्न सफल भएका छन् । जसले निश्चय पनि हाम्रो सुस्त प्रशासनलाई चुस्त बनाउनसक्ने तहमा प्रत्यक्ष रूपमा सहभागी हुने भएकाले पनि आमनागरिकमा चासो र आशा पलाएको छ । महिला सहसचिव जो नीति निर्माणको उच्च तहमा पुग्न सफल भएका छन् उनीहरूबाट प्रशासनिक क्षेत्रमा व्यापक सुधार हुनेमा आमनागरिक विश्वस्त देखिन्छन् खासगरी युवा वर्ग । प्रतिभावान् नौजना महिला उनीहरू सबै ४० वर्षभन्दा कम उमेरका रहेका छन् । तीमध्ये छजनाले त खुल्ला प्रतिस्पर्धाबाट ३५ वर्षभन्दा कम उमेरमा नै यो सफलता हात पार्न सफल भएका हुन् । काठमाडौंकी सुलोचना श्रेष्ठले ३३ वर्षकै उमेरमा गत जेठमा सहसचिवमा नाम निकालेकी हुन् । २०७० सालमा शाखा अधिकृतबाट सेवा प्रवेश गरेकी उनी २०७५ असारमा उपसचिव बनेकी थिइन् । यसको चार वर्षपछि सहसचिवको परीक्षा पनि उत्तीर्ण गरिन् ।

चितवनकी जानुका पण्डितले २०७३ मा खुल्ला प्रतिस्पर्धाबाट सहसचिवमा नाम निकालेकी हुन् । त्यतिखेर उनी ३४ वर्षकी मात्र थिइन् । उनले २०६६ मा शाखा अधिकृतबाट निजामती सेवामा प्रवेश गरेकी हुन् । त्यसै गरी झापाकी रेखा दास ३५ वर्षमा सहसचिव बनिन् । उनी २०७४ मा अधिकृतबाट निजामती सेवामा प्रवेश गरेकी थिइन् । २०७८ कात्तिकमा सहचिवमा नाम निकालिन् । पर्वतकी सुशीला अर्यालले २०६६ मा शाखा अधिकृतबाट सेवामा प्रवेश गरेकी थिइन् । यिनी २०७१ मा खुल्ला प्रतिस्पर्धाबाट उपसचिव भएकी थिइन् । संखुवासभा जिल्लाकी अनिता निरौला पनि ३६ वर्षकै उमेरमा सहसचिव बन्न सफल भइन् । उनले २०७७ मा खुल्ला प्रतिस्पर्धाबाट सहसचिवमा नाम निकाल्न सफल भएकी हुन् । यनी २०६३ मा शाखा धधिकृत भएकी र २०७० मा उपसचिव भएकी थिइन् । त्यसै गरी काठमाडौंकी अरुणा जोशी र झापाकी बबिता मिश्र पनि ४० वर्षभन्दा कम उमेरमा नै सहसचिव बन्न सफल भएका हुन् । २०५९ मा शाखा अधिकृतबाट सेवामा प्रवेश गरेकी जोशी २०७४ मा उपसचिव हुँदै २०७८ फागुनमा खुल्ला प्रतिस्पर्धाबाट सहसचिव बनेकी हुन् त्यसबेला उनी ३७ वर्षकी थिइन् । त्यस्तै सहसचिवमा नाम निकाल्दा मिश्र ३९ वर्षकी थिइन् । २०६६ मा शाखा अधिकृतबाट सेवा प्रवेश गरेकी मिश्र २०७२ मा उपचिवको परीक्षामा पनि सफल भइन् । २०७८ असोजमा लोकसेवाको परीक्षा पास गरेर सहसचिवको नियुक्ति लिन सफल भएकी हुन् ।

आजको सर्वत्र निराशाजनक अवस्थामा देशको प्रशासनिक क्षेत्रको उच्च तहमा महिलाको बलियो उपस्थितिले आमनागरिकमा आशाको सञ्चार गराएको देखिन्छ । यो सुखद् पक्ष पनि हो । नेपालको इतिहासमा पहिलो प्रमुख जिल्ला अधिकारी दुर्गा बन्जाडे हुन् उनी जुम्ला जिल्लामा सन् २०१९ मार्च २ मा सो पदमा आसिन् भएकी थिइन् भने दलित महिलाबाट पहिलो प्रमुख जिल्ला अधिकारी हुने सौभाग्य भने सीता परियारले प्राप्त गरेकी हुन् । उनी कास्की जिल्लाको भोर्लेमा जन्मेकी उनले समाजशास्त्रमा स्नानकोत्तर उत्तीर्ण गरेकी छिन् । उनलाई सामाजिक न्यायको क्षेत्रमा काम गर्न बढी रुचि जाग्ने गरेको बताउँछिन् । नेपाली समाजमा उच्च तहमा पुग्न सफल युवा एकजुट भएर सुस्त बनेको र झन्झिटिलो तथा प्रकृयामुखी प्रशासनलाई छिटो, छरितो र पारदर्शी बनाउनका लागि ज्यादा सचेत हुनु जरुरी देखिन्छ । पछिल्लो विवरण अनुसार निजामती सेवामा ८८ हजार ५७८ कर्मचारी कार्यरत रहेका छन् । तीमध्ये दलित समुदायबाट प्रतिनिधित्व गर्छन् जुन ०.२ प्रतिशत मात्र हुन्छ । त्यसैगरी प्रहरी क्षेत्रमा जम्मा कर्मचारीको ९.४५ प्रतिशत, सेनामा ८.१४ प्रतिशत र १ प्रतिशत मात्र रहेको देखिन्छ ।

यसैगरी नेपाल प्रहरीको सेवामा उच्च तहमा पुग्न सफल पहिलो महिला पूजा सिंह हुन् । उनी गैरप्राविधिक क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रथम व्यक्ति बन्न सफल भएकी हुन् । सामान्य प्रशासनबाट आउँदा दैनिक कार्य तथा विभिन्न नीतिगत कार्य गर्न सकिने हुँदा यो ज्यादा महत्वको रहने गरेको देखिन्छ । यसैगरी प्राविधिकतर्फबाट भने डाक्टर आशा सिंह पहिलो महिला उच्च अधिकारी हुन् । सेनामा महिला प्रतिनिधित्व गर्नेहरूको संख्या ३ हजार ७५८ छ जसमध्ये ९०७ जना प्राविधिक क्षेत्रमा कार्यरत रहेका छन् । सामान्य प्रशासनको क्षेत्रमा भने १८३ जना प्रतिनिधित्व गरेको अवस्था छ । यीमध्ये २१४ जना जुनियर कमिसनमा, उच्चतहमा भने तीनजना मात्र कार्यरत छन् जो ब्रिगेडियर पदमा रहेका छन् । यसैगरी ७४ जना महिला मेजर पदमा कार्यरत छन् । यरी देहका विविध क्षेत्रमा महिलाको प्रतिनिधित्व वृद्धि हुँदै जानु हरेक दृष्टिले सकारात्मक रहेको छ । समाजमा रहेका मान्यता तथा संस्कृति अनि सोचका कारण अझै पनि पर्याप्त मात्रामा महिलाको प्रशासनिक क्षेत्रमा प्रतिनिधित्व हुन सकेको छैन । कतिपय कार्यालयमा जहाँ महिला प्रमुख छन् त्यस कार्यालयको कार्यक्षमता उच्च रहेको र पारदर्शीता, काममा चुस्तता जस्ता प्रशानिक सवलता प्रष्ट देखिन्छ जुन आमनागरिकले खोजेको महत्वपूर्ण पक्ष पनि हो । महिला प्रमुख भएका कार्यालयमा भ्रष्टाचार कम हुने, मितव्यिता अपनाउने सेवाग्राहीको काम छिटो-छिरितो रूपले सम्पादन गर्ने गरेको दृष्टान्त प्रशस्त पाइन्छन् । बैंक, विद्यालय, विश्वविद्यालय, सरकारी कार्यालय जहाँसुकै किन नहोस् महिला प्रमुख भएको संस्थामा प्रशासनिक सवलता उच्च मात्रामा रहेको पाइन्छ । शिक्षाको पहुँच बढेको, मानवमा सचेतना बढेको, संविधानले समेत सहजता थपिदिएको जस्ता कारणले सबै क्षेत्रमा महिलाको प्रतिनिधित्व बढेर गएको छ, यो बडो सुखद् पक्ष हो ।

***(अधिकारी विश्वशान्ति कलेजका समाजशास्त्रका अध्यापक हुन् ।)***
***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : उन्नति प्रगतिको वातावरण छ । मनमा शान्ति र खुसियाली मिल्नेछ । | **तुला** : विचार पुर्याएर निर्णय लिनु राम्रो होला । छोटो यात्राको सम्भावना छ । |
| **वृष** : अवसर आउनाले मन प्रसन्न र हनेछ । मानसम्मान पनि पाइन सक्छ । | **वृश्चिक**: समारोहमा सरिक हुने सम्भावना छ । प्रतिस्पर्धामा सफलता मिल्नेछ । |
| **मिथुन** : कमजोर भएको अनुभूति हुनेछ। लाभदायक यात्राको सम्भावना छ । | **धनु** : रोकिएका काम सुरु हुन सक्छन्। जग्गाको कारोबारबाट फाइदा हुनेछ । |
| **कर्कट** : स्वादिष्ट भोजन पाइनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **मकर** : चिताएको कामले तीव्रता लिनेछ। नोकरीबाट मान सम्मान मिल्नेछ । |
| **सिंह** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । रमाइलो यात्राको सम्भावना छ। | **कुम्भ** : परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ । शुभकार्यको चर्चा चल्नेछ। |
| **कन्या** : पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। अतिथिको रूपमा सत्कार पाइएला। | **मीन** : मनोरञ्जनपूर्ण समय छ । खुसीको खबर सुन्न पाउनु हुनेछ । |

कला मनोरञ्जन

# साउनमा ५ फिल्म : कथामा भेराइटी, स्टार कति ?




प्रत्येक साता नयाँ नेपाली फिल्म हेर्न रुचाउने दर्शकलाई असार महिनाले निराश बनायो । चार शुक्रबार रहेको असारमा पहिलो र अन्तिम शुक्रबार मात्र फिल्म रिलिज भए । पहिलो शुक्रबार अर्थात् असार ७ गते दुई फिल्म 'दान्भी' र 'आचार्य' रिलिज भए । यी दुवै फिल्मले बक्स अफिसमा कमाल गर्न सकेनन् । 'आचार्य' त रिलिज भएको भोलिपल्टै हलबाट उत्रिएको थियो । त्यस्तै अन्तिम साता अर्थात् २८ गते शुक्रबार 'घरज्वाइँ' प्रदर्शनमा आयो । अहिले पनि प्रदर्शनरत फिल्मले राम्रो व्यवसाय गरिरहेको निर्माण युनिटले जनाएको छ । दर्शकलाई असारले निराश बनाए पनि साउनले भने पक्कै खुसी दिनेछ । किनभने साउनमा ५ नेपाली फिल्म रिलिज हुँदैछन्- 'ईश्वर', 'मोदिबेनी', शीरफूल', 'नम्बरी सुन' र 'बुलाकी' । राजु गिरी निर्देशित 'ईश्वर' साउन ११ गते शुक्रबारबाट प्रदर्शनमा आउँदैछ भने शङ्कर कोइराला निर्देशित 'मोदिबेनी' र कमल एक्चै मगर निर्देशित 'शीरफूल' साउन १८ गते एकसाथ भिड्न लागेका छन् । त्यस्तै अहिलेसम्मको रिलिज तालिकाअनुसार राजु गिरी निर्देशित 'नम्बरी सुन' साउन २५ गते र लक्ष्मण सुनार निर्देशित 'बुलाकी' साउन ३२ मा रिलिज हुने भएको छ ।

**कलाकारको अवस्था कस्तो ?**

नेपाली फिल्म रिलिज तालिका कताकता नमिलेको देखिन्छ । किनभने कुनै मितिमा स्टार कलाकारका फिल्मको भिडन्त हुन्छ भने कुनै मितिमा नयाँ कलाकारले भरिएका फिल्म लाग्छन् । यो साउनमा रिलिज हुने ५ फिल्मलाई नियाल्ने हो भने नयाँ तथा पुराना कलाकार मिसिएका फिल्म छन् । तर कुनै पनि फिल्ममा पछिल्लो समय चलेका अनमोल केसी, प्रदीप खड्का, दयाहाङ राई, सौगात मल्ल, विपिन कार्की, मिरुना मगरलगायत देख्न पाइन्न । साउनको पहिलोसाता रिलिज हुने फिल्म 'ईश्वर' पुराना कलाकारले त भरिएको छ । तर पछिल्लो समय चलेका कलाकारहरू कसैलाई पनि देख्न सकिन्न । यो फिल्ममा ध्रुव थापा, सुनिल थापा, बुद्धि तामाङ, अनु शाह, सविन बास्तोला, माओत्से गुरुङ, पृथ्वीराज प्रसाई, रवीन्द्र झा, कृष्टि गुरुङ, शिशिर वाङ्देल, गीता अधिकारी, कृष्टि गुरुङ लगायतका कलाकारको अभिनय छ । त्यस्तै, साउन १८ गते रिलिज हुने दुई फिल्म 'मोदिबेनी' र 'शीरफूल' को हालत पनि उस्तै छ । 'मोदिबेनी' वर्षा सिवाकोटी, अमर प्रताप श्रेष्ठ, प्रवीण खतिवडा, रेजिना उप्रेती, दिलीप केसी, सरोज खनाल, कमलमणि नेपाल, जीवन भट्टराई, सरोज अर्याल, अनामिका लामिछाने, स्नेहा भट्टराई, लाबिस गर्तौला लगायत कलाकारले भरिएको छ । 'शिरफूल' पनि स्टार कलाकारविहीन फिल्म हो । फिल्ममा रुपा राना, राज थापा, देवराज आले, विनीता थापा, सुनिल रोका, नमिता तामाङ, पूजा गदाल, लिला गुरुङ, निता पुन, किरण मगरलगायतको अभिनय देख्न सकिन्छ । यस्तै साउन २५ गते रिलिज हुने फिल्म 'नम्बरी सुन' गौरव पहारी, नम्रता सापकोटा, सरोज खनाल, राजाराम पौडेल, राजेन्द्र खड्गी, बुद्धि तामाङ, किरण नेपाली, सविन बास्तोला, विनोद न्यौपाने, गीता अधिकारी लगायत कलाकारको अभिनय छ । यी मध्य धेरै कलाकार नेपाली फिल्ममा बाक्लै देख्न पाइने अनुहारमा पर्छन् । साउन ३२ मा आउने फिल्म 'बुलाकी'मा भने सुरक्षा पन्त, विराज विष्ट, नरेन खड्का लगायतको अभिनय छ ।

**कथामा भेराइटी**

पछिल्लो समय नेपाली फिल्मले व्यावसायिक फड्को मार्न नसके पनि कथामा भने भेराइटी देख्न सकिन्छ । कतिपय निर्माता-निर्देशकले नेपाली फिल्ममा कहिल्यै देख्न नपाएको अर्ग्यानिक कथा पस्किरहेका छन्, त कतिपयले प्रेमकथा मार्फत विकृति विसङ्गति उजागर गरिरहेका छन् । साउनमा रिलिज हुने ५ फिल्म 'ईश्वर', 'मोदिबेनी', 'शीरफूल', 'नम्बरी सुन' र 'बुलाकी' पनि यस्तै कथाहरूमा निर्माण भएका फिल्म हुन् । 'ईश्वर' प्रेमकथामा निर्माण भएको फिल्म हो । फिल्ममा कलाकार पृथ्वीराज प्रसाईं र अनु शाह प्रेमजोडीको रूपमा छन् । दिव्या कंगना फिलमस्को ब्यानरका लागि फिल्म हरिबहादुर थापाले निर्माण गरेका हुन् । 'मोदिबेनी' पर्वत जिल्लाको मोदीबेनी क्षेत्रमा घटेको अविश्वसनीय एउटा सत्यघटनामा आधारित रहेर बनेको फिल्म हो । डिनेस्ट इन्टरटेनमेन्टको प्रस्तुतिमा बनेको यो फिल्मका निर्माता दिलीप केसी हुन् । फिल्मले गाउँको साधारण महिला र सम्भ्रान्त परिवारका एक व्यक्तिको कथासमेत भन्नेछ । फिल्मलाई आनन्दविक्रम क्षेत्रीले लेखेका हुन् । त्यस्तै 'शीरफूल' आदिवासी जनजातिको कथामा निर्माण भएको हो । 'शीरफूल' आदिवासी जनजाति महिलाहरूले लगाउने एक प्रकारको सुनको गहना हो । नारीले शिरमा लाउने, फूलका आकार हुने भएकाले 'शिरफूल' भनिएको हो । नेपाली समाजमा छोरी चेलीलाई शिरको फूलको रूपमा लिने चलन छ । फिल्मले पनि छोरीलाई बिम्बको रूपमा बुझाउन खोजेको छ । फिल्ममा आधुनिकताको प्रभावसँगै युवापुस्तामा देखिएको सांस्कृतिक विकृतिलाई पनि चित्रण गरिएको बताइन्छ । आशीर्वाद पुन मगर र माया छन्त्याल पुनको लगानी फिल्म छ । फिल्म 'नम्बरी सुन' ६०-७० वर्ष अगाडि घरघरमा गहना बनाउन जाने व्यक्तिको कथामा निर्माण भएको हो । सुवर्ण शिभान्स प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मको पटकथा तथा संवाद शिवम् अधिकारीले लेखेका हुन् । फिल्म सरोज खाती, सविन खाती र मनोज रिजालले मिलेर निर्माण गरेका हुन् । यस्तै 'बुलाकी' छत्रेश्वरी म्यानेजमेन्ट प्रालिको ब्यानरमा निर्माण भएको फिल्म हो । कर्णाली भेगको जारी प्रथाको कथामा निर्माण भएको फिल्मका निर्माता टोपेन्द्र विष्ट हुन् । २०८० वैशाखमा प्रदर्शन आएको यो फिल्म सो समय हल कम पाएको भन्दा रिलिजको भोलीपल्ट उतारिएको थियो ।

*-रातोपाटी डटकम*

# 'के घर के डेरा : घर नम्बर २' मा निश्चल बस्नेत



दीपेन्द्र के खनालले निर्देशन गर्ने फिल्म 'के घर के डेरा : घर नम्बर २' मा निश्चल बस्नेतको प्रवेश भएको छ । यो सोसल-ड्रामा फिल्मको महत्वपूर्ण भूमिकामा उनी अनुबन्धित भएको जनाइएको छ । अभिनेता खगेन्द्र लामिछानेपछि फिल्मको एक्टर-लाइनअपमा निश्चल जोडिएका हुन् । 'कथावस्तु बलियो देखिएपछि काम गर्न तयार भएको हुँ,' साइन गरेपछि बस्नेतले भने । फिल्ममा दुईजना मुख्य नायिका हुने र त्यसबारे चाँडै तय हुने जनाइएको छ । निश्चलले डेरावालको भूमिका निर्वाह गर्नेछन् । आफूलाई रजतपटमा निर्देशकको रुपमा स्थापित गरेका निश्चलले अभिनेताको रुपमा पनि अघि बढाइरहेका छन् । पहिलोपटक उनले अनुप बरालको 'फिटकिरी'मा अभिनय गरेका थिए । त्यसपछि उनले कबड्डी, टलकजंग भर्सेस टुल्के, कबड्डी २, दुई रुपियाँ, प्रसाद, घामड शेरे र अगस्त्यमा अभिनेताको रुपमा काम गरे । 'के घर के डेरा : घर नम्बर २'को कुरा गर्दा ए प्लस इन्टरटेन्मेन्ट र नटराज क्रियसनको ब्यानरमा निर्माण हुन लागेको फिल्मको कथा बुद्धिसागरले लेखेका हुन् । शरद श्रेष्ठ, किरण महर्जन र राजीव श्रेष्ठ निर्माता रहेको फिल्मका कार्यकारी निर्माता युवराज कार्की हुन् । फिल्मलाई काठमाडौंमा रिच इन्टरटेन्मेन्ट र काठमाडौं बाहिर एफडी कम्पनीले वितरण गर्नेछन् । फिल्मको छायांकन साउन २५ गतेदेखि सुरु हुने जनाइएको छ । फिल्मलाई २०८१ सालभित्र प्रदर्शनमा ल्याइने निर्माता श्रेष्ठले जनाए ।*-अनलाइन खबर डटकम*

# एउटै सुरताल र उस्तै लयका नेपाली चलचित्रको संगीत



सिर्जनामा जति विविधता भयो, त्यति राम्रो । जति धेरै फरकपन र शैली भयो, त्यति उत्कृष्ट । तर, केही समययता नेपाली चलचित्रको संगीतमा त्यति धेरै विविधता देखिँदैन । उस्तैउस्तै लाग्ने गीतसंगीत कम्पोज भइरहेको छ । सिनेमामा तिनै प्रयोग पनि गरिएकै छ । सिनेमाको संगीतमा यस्तो अवस्था रहेको संगीतकार शम्भुजित बास्कोटालाई पनि अनुभूत भइरहेको छ । केही प्रतिभावान् र क्षमतावान् गीतकार हुँदाहुँदै एकैखालका गीतसंगीत आइरहेको उनी बताउँछन् । एकैखालका गीतसंगीतको कम्पोज र प्रयोग पहिलोपटक भने नभएको उनको भनाइ छ । पहिलापहिला पनि यस्तो प्रयोग हुने तर अहिले यो प्रवृत्तिकै रूपमा मौलाएको उनी टिप्पणी गर्छन् । 'नेपालमा अहिले राम्राराम्रा कम्पोजर र एरेन्जरहरू पनि छन् । उनीहरू स्वतन्त्र भएर गरेका कम्पोजिसन राम्रोसँग चल्यो । दर्शकले मन पनि पराए,' शम्भुजित भन्छन्, 'तर, जब कम्पोजर, एरेन्जर अथवा क्रिएटर स्वतन्त्र हुँदैन, त्यसपछि सिर्जनामा ह्रास आउन थाल्छ ।' चलचित्र प्रोडुसर र निर्देशकको 'डोमिनेसन'मा पर्दा एकैखालका गीतसंगीत आइरहेको उनको तर्क छ । 'कम्पोजरलाई यो वा त्यो गर, यहाँबाट उठाऊ र यस्तै वा त्यो जस्तै गर भन्ने प्रोडुसरको डोमिनेसनका कारण स्वतन्त्र भएर काम गर्न नपाउँदा पनि यो समस्या भइरहेको छ,' उनी भन्छन्, 'जब क्रिएटर स्वतन्त्र हुँदैन, त्यसपछि उसको काममा क्वालिटी र भेरिएसन आउँदैन ।' प्रोडुसरको दबाबमा पर्ने कम्पोरलाई समस्या रहेको उनको बुझाइ छ । स्थापित भइसकेका कम्पोजरलाई भने यस्तो समस्या नहुने उनी सुनाउँछन् । 'जो नयाँनयाँ छ, उसलाई चान्स पनि चाहिरहेको हुन्छ । राम्रो प्ल्याटफर्म पनि चाहिरहेको हुन्छ,' उनी अगाडि थप्छन्, 'उनीहरू बाध्यताले पनि प्रोडुसरको डोमिनेसनबाट बाहिर निस्किन सक्दैनन् ।' नयाँलाई आर्थिक समस्याका कारण समेत प्रोडुसरको दबाबबाट निस्किन समय लाग्ने उनी बताउँछन् । प्रोडुसर र निर्देशकमा रहेको अस्वस्थ प्रतिस्पर्धा पनि त्यसको एउटा कारण रहेको उनको ठम्याइ छ । अर्कोले जस्तो गऱ्यो, त्यस्तै माग गर्दा एकैखालका गीतसंगीत दोहोरिरहेको उनी औंल्याउँछन् । 'चलचित्रको कथा के हो, गीतको सिचुएसन के हो त्यसबारे कम्पोजर तथा गीतकारलाई राखेर काम गर्न सके हरेक सिनेमामा फरकफरक कम्पोज आउँछ,' शम्भुजित भन्छन्, 'तपाईं यस्तो अवस्थामा के गर्नुहुन्छ भनेर पहिला सोध्नुपर्छ । तर, यहाँ त प्रोडुसर तथा निर्देशक आफैं मलाई यस्तो र यस्तै चाहियो भन्छन् । यो सुरमा, यस्तो ताल र यस्तै लयमा भनेपछि कम्पोजरले त्यस्तै गर्नुपऱ्यो ।' आफ्नो समयमा समेत चलचित्रमा एकैखालका गीतसंगीत आउने गरेको स्मरण गर्दै अहिले सीमा नै क्रस गरिसकेको उनी बताउँछन् । एरेन्जरमा पनि योजना बनाएर काम गर्ने परिपाटी हुने गरेको उनी प्रस्ट पार्छन् । तर, कम्पोजर र एरेन्जर नै प्रोडुसरको डोमिनेसनमा पर्ने गरेको उनको गुनासो छ । 'मलाई लाग्छ, एकपटक क्रान्ति नै हुन्छ । जुन सिनेमामा पनि एकैखालको गीत छ, कुन गीत कुन सिनेमाको हो भनेर चलचित्रको नाम नहेरेसम्म थाहा नहुने अवस्था आयो,' उनी भन्छन्, 'क्रिएटरलाई स्पेस भएन । राम्रो काम गर्ने वातावरण भएन । काम गर्ने स्वतन्त्रता भएन ।' चलचित्रको संगीत अरूभन्दा विशेष र जटिल हुने संगीतकार राजु सिंह बताउँछन् । तर, यसको महत्त्व र गरिमा बुझ्ने संगीतकार र निर्देशक दुवै न्यून संख्यामा रहेको उनको भनाइ छ । 'चलचित्रमा कथाअनुसारको संगीत हुनुपर्छ । यसका लागि संगीत बुझ्ने निर्देशक नै आवश्यक हुन्छ । अहिले कथासँग चलचित्रको संगीत मेल खाइरहेको छैन,' संगीतकार राजु भन्छन्, 'यसमा कम्पोजर र गायकगायिकालाई मात्रै दोष दिएर हुँदैन । आधुनिक वा लोकगीत तयार भए पनि प्रोडुसरको खर्च हुन्छ भनेर चलचित्रमा राख्नका लागि निर्देशक र निर्माताको पछाडि लाग्ने गरेको पाइएको उनी सुनाउँछन् । म्युजिक डाइरेक्टरका रूपमा पछिल्लो समय धेरै व्यक्ति नआएको उनी बताउँछन् । पहाडको खोला र झरनाको गीतमा वेस्टर्न नाच नचाइरहेको उनले अनुभव गरेका छन् । 'फिल्मी संगीतमा मैले जे गरे पनि हुन्छ भन्ने मनोविज्ञानले पनि काम गरिरहेको छ भन्ने लाग्छ । यो भन्दैमा मैले संगीतकारहरूको आलोचना गरेको होइन,' राजु स्पष्ट पार्छन्, 'म जत्रो बाल्टिन लिएर पानी भर्न जान्छु, त्यति मात्रै पानी भर्ने हो ।' चलचित्र 'युगदेखि युग'सम्ममा काम गर्दा निर्देशक दीपेन्द्र के खनालले नेपालका टपटप सिंगरको स्वरमा रेकर्ड भइसकेको गीत पनि स्वर म्याच भएन भनेर अरूलाई गाउन लगाएको राजु स्मरण गर्छन् । आलोक नेम्वाङले 'सानो संसार'मा चारपाँचजनालाई गाउन लगाएर पैसा तिरिसकेपछि पनि हटाएर अरूकै स्वरमा रेकर्ड गराएको राजु सुनाउँछन् । 'यो खालको संगीतको गम्भीरतालाई बुझ्ने क्षमता निर्देशकमा चाहिन्छ,' उनी भन्छन् । हिले कुन समय कुन चलचित्रको कुन गीत आयो र गयो भन्ने थाहै नहुने उनको टिप्पणी छ । 'अहिलेको फिल्मको टप गीतकारको हिट आधुनिक गीत कुन हो भनेर सोध्ने हो भने कसैलाई थाहा छैन,' उनी भन्छन्, 'फिल्ममा आउन उसको कति गीत हिट छन्, आधुनिक गीतको संगीतकार भएर कति गीतमा काम गरेको छ, अनुभव चाहिन्छ ।' गोपाल योञ्जन, नातिकाजीलाई चलचित्रको संगीतमा आउन कति समय लागेको थियो ? भन्दै उनी अगाडि थप्छन्, 'अमर गुरुङले दुईतीनवटा चलचित्रमा भन्दा धेरैमा काम गर्नुभएको छैन ।' अहिले चलचित्रको संगीतलाई सामान्य रूपमा लिइँदा विविधता नआएको उनी स्पष्ट पार्छन् । चलचित्रका कथा, पटकथा र हरेक पात्रसँग भिजेर गर्नुपर्ने भएकाले आधुनिक गीतमा संगीत गरेजस्तो सहज नहुने उनको भनाइ छ । 'राम्रो म्युजिकल सेन्स भएको निर्देशक आएपछि मात्रै संगीतकार, एरेन्जर, गायकगायिका, स्टुडियोलाई चुनौती हुन्छ,' राजु भन्छन्, 'चलचित्रको गीत भनेर कोठे स्टुडियोमा रेकर्ड गरेर हुँदैन । प्लेब्याक सिङगिङ फरक हो । यसको गाम्भीर्यता मनन गर्न आवश्यक छ ।' एकैखालका गीत आउनुमा धेरै कारण रहेको संगीतकार अर्जुन पोखरेलको बुझाइ छ । एकै व्यक्तिले गरेको काममा उहीखालको संगीत आउनु स्वाभाविक मान्न सकिएला । तर, फरकफरक व्यक्तिले काम गरेका चलचित्रका गीत पनि किन उस्तैउस्तै भए ? 'संगीतकार फेरिए पनि गीतकार र एरेन्जर पुरानै हुँदा एउटै फ्लेवरका गीत आइरहेका हुन् । एरेन्जर फेरिँदा कम्पोज पनि फरक सुनिन सक्थ्यो,' अर्जुन भन्छन्, 'एरेन्जर नफेरिँदा म्युजिक इन्स्ट्रुमेन्ट प्ले गर्ने तरिका एउटै हुन्छ । यो हुँदा गीतकार र कम्पोजर फरक हुँदा पनि फ्लेवर उस्तै सुनिन्छ ।' अर्को कारण, मोन्टाज र फुटेज प्ले हुने गीत बनाइदिनु भनेर निर्देशक र निर्माताले उदाहरण नै दिएर फलानो सिनेमाको जस्तो भन्ने गरेको अर्जुन सुनाउँछन् । यसरी उदाहरण दिँदा संगीतकारको दिमागमा उसले योजना बनाउँदा नै ५० प्रतिशत पुरानै सिनेमाको गीत बसिसक्ने र यसले पनि ठूलो भूमिका खेल्ने उनको बुझाइ छ । '५० प्रतिशत पुरानै गीत आइसक्छ । त्यसमा पनि एरेन्जर एउटै हुँदा धेरै हदसम्म एकैखालको फ्लेवर आउँछ,' उनी प्रस्ट पार्छन् । भारतमा आर्ट मुभीमा समेत रिदमिक गीत हुने गरेको उनी बताउँछन् । यो अभ्यास नेपालमा पनि गरिनुपर्नेमा उनी जोड दिन्छन् । मोन्टाज राखेर नै लभ सङ राख्न सकिने उनको धारणा छ । 'आर्टटाइपको चलचित्र हो, लाउड होइन, सफ्ट म्युजिक चाहियो, मोन्टाज र फुटेजमा खेल्ने हो भनिन्छ,' अर्जुन भन्छन्, 'रिदमिक र लभ सङ भन्नेबित्तिकै खिच्न मुस्ताङ नै पुग्नुपर्छ भन्ने सबै एउटै सोचाइमा रहेका कारण धेरै हदसम्म एकैखालको संगीत आइरहेको हो ।' एकैखालका गीत, कम्पोजिसन र एरेन्जेमेन्टले नेपाली संगीतलाई उचाइ नदिने उनको टिप्पणी छ । संगीतको विकास रिच कम्पोजिसन र धेरैको रोजाइमा पर्ने लाइट म्युजिक दुवै सँगै जाँदा मात्र हुनेमा उनी जोड दिन्छन् । 'संगीतको विकास हुन यी दुवै पक्षको मिक्स हुन आवश्यक छ । हल्का शब्द र संगीत भएका गीत पनि चाहिन्छ । काव्यिक शब्द र कम्पोजिसनका हिसाबले पनि उच्च नोटेसन हुन आवश्यक छ,' उनी भन्छन्, 'संगीतको विकासका लागि म्युजिक एरेन्जेमेन्टमा कर्डस प्रोगेसन र प्रोगामिङ राम्रो हुन आवश्यक छ ।' मुख्य पक्ष भनेको हरेक चलचित्रमा फरक संगीत गर्ने वातावरण छ/छैन भन्ने विषयले अर्थ राख्ने उनी बताउँछन् । यस्तै गीतसंगीत चाहियो भन्ने परिपाटीले धेरै कुरा बिगारिरहेको उनको भनाइ छ । 'एकैप्रकारका गीतसंगीत लगातार आइरहँदा पछिल्लो समय चलचित्रका गीत हिट भएका छैनन् । अडियन्सलाई अहिले गीत र चलचित्र दुवै नयाँ लागिरहेको छैन,' उनी भन्छन्, 'अडियन्सले अहिले अप्सन खोजिरहेका छन्, तर पाइरहेका छैनन् । अहिले सिनेमाको संगीतले लय समातेको छैन ।' लय नसमातेपछि गन्तव्यमा पुग्ने अपेक्षा नै गर्न नसकिने उनी टिप्पणी गर्छन् ।

*-बाह्रखरी डटकम*

# दाङमा जडीबुटी उत्पादन बढ्यो



**देउखुरी (दाङ),** साउन ८/दाङमा जडीबुटी उत्पादन बढेको छ । टिमुर, हर्रो, बर्रो, त्रिफला, लहरेगुर्जो मालागेडी उत्पादनमा वृद्धि भएको डिभिजन वन कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा ६ लाख किलो जडिबुटी उत्पादन भएको छ । गत आर्थिक वर्षमा निजी वनबाट सबैभन्दा धेरै टिमुर उत्पादन भएको थियो । उक्त आवमा टिमुर एक लाख ४९ हजार ६ सय ७० किलो, मालागेडी एक लाख ३९ हजार ६ सय २० किलो, रिठा ८३ हजार ८ सय ७० किलो, तेजपात ४३ हजार ४ सय ५० किलो, काउलो ३६ हजार ५ सय किलो, दालचिनी ३५ हजार २० किलो, कालिकाठ २९ हजार ३ सय ७० किलो उत्पादन भएको छ । वन डिभिजन कार्यालयका अनुसार चुत्रो ९ सय ४० किलो, अमला ५ सय किलो, गुर्जो लहरा १ हजार किलो र तिगेडी ६ हजार ४ सय ६० किलो उत्पादन भएको छ । उक्त कार्यालयका प्रमुख मोहनप्रसाद श्रेष्ठका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा रु ६ लाख ३८ हजार राजस्व संकलन भएको थियो ।

आर्थिक वर्ष २०७९/०८० मा त्यो घटेर ५ लाख ६१ हजार ५ सयमा सीमित भएको थियो । यद्यपि गत आर्थिक वर्ष २०८०/०८१ मा जडीबुटी सङ्कलन इजाजत बापतको राजस्वमा केही सुधार भएको छ । उक्त अवधिमा रु ५ लाख ७६ हजार ७ सय राजस्व सङ्कलन भएको छ । आर्थिक वर्ष २०७८/०७९ मा २९ हजार ५ सय ५० किलो टिमुर उत्पादन भएकामा आर्थिक वर्ष २०७९/०८० मा त्यो घटेर १३ हजार किलोमा झरेको थियो । आर्थिक वर्ष २०७८/०७९ मा दाङको राष्ट्रिय र निजी वनबाट २ लाख ४१ हजार ७ सय ४२ किलो काठ बेचिएको थियो ।

टिमुरका लागि दाङ पकेट क्षेत्रका रुपमा रहेको जिल्लाको बङ्गलाचुली गाउँपालिकासहित घोराही उपमहानगरपालिकाको वडा नम्बर १ र १८, तुलसीपुर उपमहानगरपालिकाको १९, शान्तिनगरगाउँपालिकालगायत पहाडी क्षेत्रमा पनि यसको उत्पादन आएको छ । *- रासस*

## रामपुरका...

नगरको विकास र कार्यसम्पादनको मुख्य मेरुदण्ड कर्मचारीहरु रहेको बताउँदै उनले जनताको सेवामा समर्पित भएर अघि बढ्न कर्मचारीलाई आग्रह गरे । उपप्रमुख बालकुमारी थापाले कर्मचारीहरुलाई आचारसंहिता पूर्ण रुपमा पालना गर्दै अघि बढ्न अनुरोध गरिन् । उनले कर्मचारीहरुलाई उच्च मनोबलका साथ काम गर्न आग्रह गरिन । निमित्त प्रमुख प्रशासकिय अधिकृत चेमन प्रकाश पोखरेलले अधिकारको कुरा गर्दै गर्दा कर्तव्यलाई भुल्न नहुने बताए । नगरपालिकामा कार्यरत कर्मचारी मध्ये ६६ प्रतिशत करार सेवाका कर्मचारी रहेको बताउँदै स्वमुल्याङ्गन गरेर कार्यसम्पादन गर्न अनुरोध गरे । कार्यक्रममा ५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेल, प्रशासन शाखा प्रमुख युवराज पन्थीले आ-आफ्ना धारणा राखेका थिए ।

नगर प्रमुख रमण बहादुर थापाको अध्यक्षता, उपप्रमुख बाल कुमारी थापाको स्वागत योजना शाखा प्रमुख विक्रम बस्नेतको सञ्चालनमा कार्यक्रम भएको थियो । यस्तै रामपुर नगरपालिकामा करार कर्मचारी मञ्च गठन भएको छ । मंगलबार बसेको कर्मचारीहरुको भेलाले कृष्ण बहादुर थापाको अध्यक्षतामा ११ सदस्य तदर्थ समिति गठन गरेको हो । समितिको उपाध्यक्ष सविता राना, सचिवमा गणेश प्रसाद रेग्मी, कोषाध्यक्षमा नारायण प्रसाद गैरे र सहसचिवमा शंकर कंडेललाई चयन गरेको छ । अन्यलाई सदस्यमा चयन गरेको छ । भेलाले बासुदेव ढकालको संयोजकत्वमा ५ सदस्य सल्लाहाकार समिति पनि गठन गरेको छ । समितिको सदस्यहरुमा दानबहादुर हिस्की, विष्णु माया अर्याल, महेन्द्र प्रसाद श्रेष्ठ र खिम कुमारी सुनार रहेका छन् ।

### खेलकुद समाचार

## विश्वकपमा पुग्न नेपाललाई केही सहज




**काठमाडौं,** साउन ८/अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आईसीसी) को बोर्ड बैठकले महिला तथा पुरुष विश्वकप क्रिकेटको छनोट प्रतियोगितामा केही परिवर्तन गरेको छ । आईसीसीले गरेको पछिल्लो निर्णयले विश्वकपमा पुग्न नेपाललाई केही सहज हुने भएको छ ।

बैठकले सन् २०२६ मा हुने आईसीसी पुरुष टी-२० विश्वकपका लागि क्षेत्रीय छनोटबाट विश्वकप पुग्ने ८ टोलीको छनोट प्रक्रियामा परिवर्तन गरेको छ । जसअनुसार अब युरोप र अफ्रीकाबाट २-२, अमेरिकाबाट १ तथा एसिया र इस्ट एसिया प्यासिफिक (इएपी) क्षेत्रबाट ३ टोली छनोट हुनेछन् । यसअघि एसियाबाट २ र इएपीबाट १ टोली छनोट हुने प्रावधान थियो । एसियाबाट विश्वकपमा पुग्न मुख्य गरी नेपाल, ओमान, यूएई र हङकङ दाबेदार रहने गरेकोमा तीन टोली हुँदा नेपाललाई केही सहज हुने भएको छ । महिलातर्फ पनि आईसीसीले विश्वकपमा सहभागी हुने टोलीको संखया बढाएको छ । सन् २०३० को विश्वकपदेखि सहभागी टोलीलाई १२ बाट १६ पुऱ्याइएको छ । नेपालको महिला टोलीले अहिलेसम्म विश्वकप खेल्न सकेको छैन ।

### अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा लगातार वृद्धि



**पाल्पा,** साउन ८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक लगातार वृद्धि भएको छ । सोमबार सामान्य अंकले वृद्धि भएको नेप्से मंगलबार पनि उच्च अंकले बढेको हो ।

सोमबार २ दशमलव १५ अंकले बढेको नेप्से मंगलबार ७५ दशमलव ३३ अंक अर्थात् तीन दशमलव ०३ प्रतिशतले बढेको छ । नेप्से बढेसँगै दुई हजार पाँच सय ६३ दशमलव ४३ को बिन्दु कायम भएको छ । सो अवधिमा तीन सय १७ कम्पनीको तीन करोड ९७ लाख ९० हजार आठ सय ८९ कित्ता शेयर एक लाख ७१ हजार तीन सय ८७ पटक खरिदबिक्री हुँदा १४ अर्ब ११ करोड ६३ लाख ३० हजार नौ सय ९५ बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहका उपसूचक हरियो देखिँदा सबैभन्दा धेरै व्यापार समूहको उपसूचक पाँच दशमलव ०६ र जीवन बीमा समूहको उपसूचक चार दशमलव ४५ प्रतिशतले बढेको छ । छ वटाकम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ ।

समृद्धि फाइनान्स कम्पनी लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड, माण्डु हाइड्रोपावर लिमिटेड, हाथवे इन्भेष्टमेन्ट नेपाल लिमिटेड, नेपाल वायरहाउजिङ कम्पनी लिमिटेड र साहस ऊर्जा लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । सबैभन्दा धेरै शेयर मूल्य गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको घटेको छ । गणपतिको शेयर मूल्य पाँच दशमलव ८३ प्रतिशतले घटेको हो । कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु २४ करोड ६९ लाख २३ हजार सात सय ९२ बराबरको शेयर किनबेच भएको छ ।

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

**स्वास्थ्य कार्यालय पाल्पा**

**स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा नवीकरण सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८१/०४/०८**

**प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयको स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती नियमावली २०७७ (पाँचौ संशोधन सहित) बमोजिम यस पाल्पा जिल्ला भित्र रहेका स्वास्थ्य क्लिनिक, पोलिक्लिनिक, डेन्टलक्लिनिक र फिजियोथेरापि सेवाको स्थापना, सञ्चालन अनुमती प्रदान तथा नवीकरण गर्ने काम स्वास्थ्य कार्यालयबाट हुने ब्यबस्था भएकोले सो नियमावलीको अनुसूचि १४ मा उल्लेखित मापदण्ड पुरा गरेका ईच्छुक स्वास्थ्य संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र अनुसूचि ५ बमोजिमको ढाँचामा आवश्यक कागजातहरु सहित यस कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ ।**

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

**स्वास्थ्य कार्यालय पाल्पा**

**सूचिकृत हुन आउने सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०८१/०४/०८**

नेपाल सरकारले जारी गरेको स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता, संघीय मार्गदर्शन २०७७ ले व्यवस्था गरे अनुसार पाल्पा जिल्लाभित्रका सबै स्थानीय तहहरुमा रहेका स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गर्नको लागि सामाजिक परिक्षक संस्थाहरुको प्रमाणिकृत योग्यता सूचि तयार गर्नुपर्ने भएकोले निम्नानुसारका योग्यता तथा शर्तहरु पुरा गरेका ईच्छुक सामाजिक परिक्षक संस्थाहरुले आवश्यक कागजातहरुसहित १५ दिन भित्र यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

**शर्तहरु :**

१) पाल्पा जिल्लामा गैरसरकारी संस्थाका रुपमा विधिवत् दर्ता भै कम्तीमा ५ बर्ष सक्रिय रुपमा काम गरेको ।
२) सामाजिक परिक्षण वा सामाजिक परिचालनका क्षेत्रमा कम्तीमा ३ बर्षको अनुभव भएको ।
३) स्थानीय तहको स्वास्थ्य सेवा प्रदान गर्ने पद्दति र प्रक्रियाको राम्रो जानकारी भएको ।
४) आफ्नो संस्थाको कार्यक्रम र योजनाको सामाजिक परिक्षण वा सार्वजनिक परिक्षण वा सार्वजनिक सुनुवाई गरेको अनुभव भएको ।
५) नियमित रुपले संस्थाको वार्षिक लेखापरिक्षण गरेको र संस्था दर्ता नवीकरण गरेको ।
६) कम्तीमा स्नातक तह उत्तीर्ण गरेका परिक्षकहरु संस्थामा आवद्ध रहेको ।

**मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको मोही नामसारी लगतकट्टा सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना**

उप्रान्त पाल्पा जिल्ला बगनासकाली ७ निवासी लालुराम घिमिरेले आफ्नो नाममा ज.ध. श्रेस्ता पुर्जा कायम भएको खानीगाँउ ६ का कि.नं.८०,८५,९५ का जग्गाको मोही मेरी आमा चम्पा घिमिरे भएको निज मोहीको एकमात्र हकदार म भएकोले उक्त जग्गाको मोही नामसारी लगतकट्टा समेत गरीपाउँ भनी बगनासकाली गा.पा.-७ को च.नं.२९७ मिति २०८०/०६/३० को सिफारिस, मुचुल्का, नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र प्रतिलिपि, नागरिकता प्रतिलिपि, तिरो रसिद, प्लट रजिष्टर उतार संलग्न राखी यस कार्यालयमा द.नं. २०२९ मिति २०८०/०७/१ मा निवेदन दिनुभएको ।

यसमा माथि उल्लेखित कि.नं. ८०,८५,९५ का जग्गाहरु कसको हक भोगमा छ ? ज.ध. को हकभोगमा छ कि छैन ?मोही भनिएकी चम्पा घिमरेनी को हुन् ? ज.ध. की आमा भनिएकोमा हुन् वा होइनन् ? निज मोहीको मृत्यु भएको हो वा होइन ? निज मृतकको शेषपछिको हकदार को को हुन् ? निवेदक बाहेक अन्य हकदार छन् या छैनन् ? मोहीको पति/ज.ध.को बाबुको मृत्यु भएको हो वा होइन ? निज मोहीका अविवाहित छोरीहरु छन् वा छैनन् ? हाल उक्त कि.नं. का जग्गा कसले भोगचलन गरिरहेको छ ? ज.ध. की आमा/मोही चम्पा घिमिरे र चम्पा घिमरेनी भन्ने व्यक्ति एउटै हुन वा होइनन् ? माथि उल्लेखित कि.नं. का जग्गाहरु ज.ध. लालुराम घिमिरेको नाममा मोही नामसारी लगतकट्टा गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ की पर्दैन निवेदकको मागदाबी बमोजिम मोही नामसारी लगतकट्टा गरिदिन मिल्छ कि मिल्दैन ? ज.ध. लालुराम घिमिरेको नाममा मोही नामसारी लगतकट्टा गरिदिंदा कोही कसैलाई असर पर्ने भएमा वा मोही नामसारी लगतकट्टा गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाणसहित उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दावी विरोध नपरेमा प्रचलित कानुनबमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई